# महालेखा परीक्षकको कार्यालय

## Office of the Auditor General

(संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL

पत्र संख्या: २०७४/७५
च.न. १५४८

मिति: २०७४।१२।२५

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
हरिहरपुरगढी गाउँपालिका
सिन्धुली ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४/८/८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएको हुँदा कायम लेखापरीक्षण प्रतिबेदन पाना २ यसैसाथ छ । प्रारम्भिक प्रतिबेदनलाई सन्दर्भ प्रतिबेदनको रुपमा लिई यो प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा नियमानुसार फछ्र्योट गरी सम्परीक्षण गर्नु गराउनु हुन अनुरोध गरिएको छ ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

श्री प्रशासन
आ.व. ७३/७४ को लागि लेखा शाखामा पेश गर्ने ।
२०७५।०१।१२

हरिहरपुरगढी गाउँपालिका
दर्ता नं. ६६६
मिति: २०७५।०१।१२

# महालेखा परीक्षकको कार्यालय
## Office of the Auditor General
(संघीय मामिला तथा स्थानीय विकास निर्देशनालय)

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


मिति २०७४।१२।२५

श्री प्रमुखज्यू,
हरिहरपुरगढी गाउँपालिका,सिन्धुली ।

### लेखापरीक्षण प्रतिवेदन

यस कार्यालयबाट हरिहरपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०७३।७४ को पेश भएका आर्थिक विवरण र सो संग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**आर्थिक विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी**

आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ र प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन संचालन गर्ने तथा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**

प्रस्तुत आर्थिक विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा केन्द्रिय विवरणहरुमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन:

१. लेखापरीक्षणबाट रु.३३ लाख ९३ हजार कुल बेरुजू देखिएको छ । सोमध्ये असुल गनुपर्ने रु.४ हजार, नियमित गर्नुपर्ने रु.३ लाख ९९ हजार र पेश्की रु.२९ लाख ९० हजार रहेको छ ।

२. साविकका स्थानीय निकायको सवारी साधन, कम्प्यूटर, फर्निचर लगायतको सम्पत्ति स्थानीय तहमा हस्तान्तरण गरी अभिलेख राख्नु पर्नेमा हस्तान्तरण भएको छैन ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७४।१२।२५ मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ ।

**कैफियत सहितको लेखापरीक्षण राय**

कैफियत सहितको लेखापरीक्षण रायले त्यहांको वित्तीय विवरणहरुमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि, २०६४ तथा प्रचलित कानून बमोजिम रहेको छ ।

(महेश्वर काफ्ले)
नायब महालेखापरीक्षक

Scanned by CamScanner

# हरिहरपुरगढी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन

गत वर्षको मौज्दात रु.३ लाख २६ हजार समेत रु.६ करोड ४३ लाख ९५ हजार आम्दानी भएकोमा रु.५ करोड ९१ लाख ५७ हजार खर्च भई रु.५२ लाख ३८ हजार मौज्दात रहेको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन :

१. **आन्तरिक आय** - कर, दस्तुर, सेवा, शुल्क, दण्ड, जरिवाना, भाडा र अन्यबाट प्राप्त आयलाई स्थानीय निकायको आन्तरिक आयमा समावेश गरी देखाउनुपर्ने भनी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ ले उल्लेख गरेको छ । गाउपालिकाले यस आ.व. आन्तरिक आम्दानी रू.१,४०,२४४।- भएकोमा यस आ.व.मा रू.१,१७,७४६।- खर्च देखाएको छ । नेपाल सरकारबाट प्राप्त अनुदानको तुलनामा गाउपालिकाको आम्दानी अत्यन्त न्यून देखिएकोले राजस्वका नया क्षेत्रको पहिचान गर्ने र स्रोत परिचालन गरी गाउपालिकालाई आत्मनिर्भर बनाउनुपर्छ ।

२. **जिन्सी सामानको संरक्षण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६ मा जिन्सी सामानको उचित सरक्षण हुनुपर्ने व्यवस्था छ । गाउपालिकाले सवारी साधनमा विनियोजित बजेटबाट १ थान मोटरसाईकल र मेशिनरी औजारमा विनियोजित बजेटबाट ल्यापटप, डेस्कटप, सोलार तथा प्रिन्टर खरिद गरेको देखाएको छ । खरिद गरेको उक्त सामानको जिन्सी निरीक्षण गरी प्रतिवेदन गरेको अवस्था छ । तर जिन्सी सामानको संरक्षणको लागि सहायक जिन्सी खाता राख्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

३. **वार्षिक खरिद योजना** - सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८ मा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आर्थिक वर्षमा गरिने खरिद कार्यको खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त अनुसारको खरिद योजना तयार गरेको देखिएन । कार्यलयलये खरिद नियमावलीको पालना गर्नुपर्दछ ।

४. **उपभोक्ता समितिबाट भएको कार्य** - उपभोक्ता समितिबाट काम गराउँदा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ बमोजिम बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रथम द्वितीय र तृतीय चौमासिकमा कार्य गर्नुपर्नेमा सो नगरी आर्थिक वर्षको अन्तिममा काम गर्ने प्रवृति देखियो । यस्तो प्रवृतिमा नियन्त्रण हुनुपर्दछ ।

५. **स्रोत नक्साङ्कन** - स्थानीय स्वायत शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम प्रत्येक गाउँ बिकास समितिले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भोगौलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कन वा गाउँ विकास समितिको प्रोफाइल अद्यावधिक गर्नुपर्नेमा सो बमोजिम गरेको पाइएन ।

६. **योजना हस्तान्तरण** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५)(ज) बमोजिम यस आ.व.मा सम्पन्न योजनाहरुलाई उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन ।

७. लेखापरीक्षण - गााउपालिका मातहत गा.वि.स.हरूले कल्याण कोषमा रहेको रकमको लेखापरीक्षण गराएको देखिएन । उक्त कोषको लेखापरीक्षण गराउनु पर्दछ ।

**हरिहरपुरगढी गाउँ विकास समिति**

८. **योजना छनौट** - स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम स्थानीय निकायले सञ्चालन गर्ने योजना गाउँ परिषद्बाट छनौट गरेको देखिएन । गाउँ परिषद् बस्दादेखि नै जनसहभागिताको अंश रकम नतोकि योजनमा बजेट विनियोजन गर्ने गरेको देखियो ।

९. **आन्तरिक आम्दानी दाखिला** - आ.व.२०७३।७४ को जम्मा आम्दानी रु.५०,०००।- विभिन्न तीन शीर्षकबाट भएको देखियो । सोको पनि मासिक फाँटवारी गाउँपालिकालाई मासिक रुपमा राजस्व शीर्षक खुल्ने गरी पठाउनु पर्ने देखिन्छ ।

१०. **रसिद नियन्त्रण खाता** - चालु आ.व. मा आन्तरिक स्रोत अन्तर्गत आय (मालपोत, घटना दस्तुर लगायत) शीर्षकबाट प्राप्त आम्दानीको रसिद नियन्त्रण खाता राखेको छैन । आय प्राप्त गर्ने रसिदको बाँकी, खर्च र प्राप्ती देखिने गरी रसिद नियन्त्रण खाता राखिनुपर्दछ ।

११. **कल्याण कोष खाता** - कल्याण कोषमा रहेको रकम लेखापरीक्षणको दायरामा ल्याएको छैन । उक्त रकमको लेखापरीक्षणको व्यवस्था गरिनुपर्दछ ।

१२. **पेश्की बाँकी सम्बन्धमा** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम पेश्कीको जिम्मेवारी सारी सोही नियमावली बमोजिम फछ्र्यौट गर्नुपर्दछ । यो गा.वि.स.को गत विगत वर्षको पेश्की रु.८५,०००।- गाउँपालिकाको पेश्की लेजर खातामा लगत बाँध्नुपर्ने देखिन्छ ।

**पिपलमाडी गाउँ विकास समिति**

१३. **योजना छनौट र कार्यान्वयन** - स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ बमोजिम स्थीनय निकायले सञ्चालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समावेशी, पारदर्शीता र गाउँ परिपद्बाट पारित



Scanned by CamScanner